# सायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

डोटी

**पत्र संख्या: २०७४/ ०७५** **७ नं प्रदेश, नेपाल**

च.नं.

## जलउपयोग गुरुयोजना तयारीको लागि प्राविधिक प्रस्ताव पेश गर्ने वारेको सूचना

प्रकाशित मितिः २०७४/०९/१६

नेपाल सरकार र फिनल्याण्ड सरकारवीच सम्पन्न द्विपक्षिय सम्झौता अनुसार यस सायल गाँउपालिकामा संचालित ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना (Rural Village Water Resources Management Project) को सहयोगमा सायल गाँउपालिकाको वडा नं २ र ३ जलउपयोग गुरुयोजना तयारी कार्यमा सहजीकरण गर्नको लागि १ वटा गैह्र सरकारी संस्था छनौट गर्नुपर्ने भएकोले देहाय वमोजिम योग्यता पुगेका इच्छुक संस्थाहरुवाट प्राविधिक प्रस्ताव आव्हान गरिन्छ ।

**शर्तहरुः**

१. आवेदन गर्ने संस्था डोटी जिल्लामा दर्ता भै यसै जिल्लामा कार्यरत भएको हुनुपर्नेछ र सो को आधिकारीक प्रमाण पेश गर्नुपर्नेछ । आवेदन गर्ने संस्थाले गाँउपालिका भित्र कार्य गर्नको लागि गाँउपालिका कार्यालयबाट अनुमति लिएको हुनुपर्ने छ ।

२. जलश्रोत विकास (खानेपानी/सिँचाई/लघु जलविद्युत/सरसफाई) योजना कार्यान्वयन (Scheme Implementation) कम्तिमा २ (दुई) वर्षको वा अन्य ग्रामीण विकास कार्य क्षेत्रमा ५ वर्ष अनुभव भएको हुनुपर्नेछ । माथि तोकिएको कार्य अनुभव नभएका तर ५ वर्ष भन्दा बढि जलश्रोत विकास (खानेपानी/सिँचाई/लघु जलविद्युत/सरसफाई) योजना कार्यान्वयनमा अनुभव भएका दक्ष कर्मचारी परिचालन गर्न सक्नेले पनि आवेदन गर्न सक्नेछन ।

३. छनौट हुने संस्थाले उपरोक्त गाँउपालिकाको वडा नं २ र ३ मा जलउपयोग गुरुयोजना तर्जुमा गर्ने कार्यमा सहजीकरण गर्नेछन् र यसको अवधि ४ देखि ५ महिनाको मात्र हुनेछ ।

४. प्रतिस्पर्धा गर्न इच्छुक संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तोकिएको ढाँचाको फारम खरिद गरी १६ औ दिनको १२ बजे भित्र निर्धारित फाराम भरी आवश्यक कागजपत्र सहित दाखिला गरिसक्नु पर्ने छ ।

५. आवेदन गर्ने संस्थाले नेपाल सरकारको प्रचलित कानून अनुसार PAN र VAT को दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र करचुक्ता प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

६. संस्थाले संस्थाको प्रोफाइल, योजनाको काममा लगाउने जनशक्ति (पछि परिवर्तन नहुने) को बैयक्तिक विवरण, शैक्षिक योग्यता र अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहितको प्राविधिक प्रस्ताव समेत निर्धारित ढांचामा पेश गर्नु पर्नेछ । हाल चालु अवस्थामा रहेका सँस्थाका अन्य कार्यक्रमहरुमा कार्यरत जनशक्तिहरुको नाम प्रस्ताव गर्न पाइने छैन ।

७. संस्थाले सम्पादन गर्नुपर्ने कामको विवरण (Terms of References), तथा प्राविधिक प्रस्ताव फाराम रु. १०००/- (अक्षेरेपी रुपैया एक हजार मात्र) (पछि फिर्ता नहुने) सायल गाँउपालिकाको राष्ट्रिय बाणिज्य बैंक डोटीमा रहेको संचित कोष खाता नं.४१००३०४०१८१०४ मा जम्मा गरी सायल गाउँ कार्यपालिकाको कार्यालय वा ग्रामीण जलश्रोत ब्यवस्थापन परियोजना प्राबिधिक सहयोग इकाई डोटीबाट प्राप्त गर्न सकिनेछ ।

८. रित नपुगी आएको वा म्याद नाघी प्राप्त भएको आवेदन वा प्रस्ताव उपर कुनै कार्यवाही हुनेछैन ।

९. कुनै कारण जनाई वा नजनाई प्राप्त आवेदन वा प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सायल गाँउपालिका/ग्रामीण जलश्रोत ब्यवस्थापन परियोजना/गाँउपालिका परियोजना ब्यवस्थापन समितिमा रहेको छ ।

१०. जलउपयोग गुरुयोजना तयारी सम्बन्धी निर्देशिका तथा आवश्यक फारामहरु www.rvwrmp.org.np मा हेर्न सकिनेछ ।

११. अन्य कुराहरु ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाको परियोजना कार्यान्वयन निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।